नेपाल सरकार
अर्थ मन्त्रालय
भन्सार विभाग

वीरगञ्ज भन्सार कार्यालय

भन्सार अधिकृत

वीरगञ्ज म.न.पा.-१६ ईनर्वा
पर्सा, नेपाल

भन्सार ऐन, २०८२ को दफा ९२ को उपदफा (१) को देहाय (ख) तथा भन्सार नियमावली, २०८३ को नियम ८५(२) बमोजिम यस कार्यालयवाट सिलबन्दी बोलपत्रद्धारा विभिन्न वस्तुहरु लिलाम बिक्री गर्ने बारेको १५(पन्ध्र) दिने सूचना।

(सूचना प्रकाशित मिति २०८३।०८।०९)

भन्सार जाँचपासको क्रममा यस कार्यालयको सुख्खा बन्दरगाहा सञ्चालन महाशाखाको गोदाम/यार्डमा दाखिला भई तोकिएको अवधिभित्र घोषणा नगरिएको वस्तु वा भन्सार क्षेत्र वा भन्सार वेयर हाउसबाट तोकिएको अवधिभित्र जाँचपास गरि छुटाई नलगेकाले यस कार्यालयबाट जफत भएका देहाय बमोजिमका वस्तुहरु जे जस्तो अवस्थामा छन, सोही अवस्थामा सिलवन्दी बोलपत्रद्धारा लिलाम बिक्री गरिने भएकोले इच्छुक फर्म तथा संस्थाले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र निम्न लिखित सर्तहरुको अधिनमा रहने गरी गोप्य सिलवन्दी बोलपत्र पेश गर्ने गरी यो सार्वजनिक सूचना आव्हान गरिएको छ। आफुले कवोल गरेको रकमको १०% ले हुने रकम एभरेष्ट बैंक लि.भन्सार एरिया वीरगञ्ज शाखामा रहेको यस कार्यालयको धरौटी खाता नम्वर ०१५००१०५२०००६८ मा जम्मा गरी सोको एक प्रति सक्कल बैंक भौचर बोलपत्र साथ पेश गर्नुपर्ने छ। साथै यो सूचना यस कार्यालयको वेब साइट birgunj.customs.gov.np तथा भन्सार विभागको वेब साइट www.customs.gov.np मा हेर्न सकिने छ। अन्य व्यहोरा बुझ्नु पर्ने भएमा कार्यालय समय भित्र यस कार्यालयको मुद्दा शाखामा आई बुझ्न सकिने छ।

तपसिल

सूचना नम्वर	मुद्दा नं.	वस्तु रहेको कन्टेनर नं.	मालवस्तुको विवरण	परिमाण	न्यूनतम मूल्य रु	बोलपत्र दस्तुर	कैफियत
१५	२८५	DFSU2495941	Essential Sweet Wine 750ML 12.5% Alcohal	१२५० कार्टुन (११२५० लिटर)	२८१२५००	२०००	
१६	२/२०८१।०८२	-	Pvc Mix Hard Rubber Sheet	१०८८० के.जी.	१३९७५००	२०००	
१७	२७८,२००,२०८ र २२०	MEDU5005190, MEDU8769714, MSDU8713190, TGCU5007096	MEDICAL OXYGEN PLANT AND MEDICAL ACCESSORIES	5- SET	६४७९२४६१	२०००	

सूचना नम्वर	Container No.	Destuffing Date	Bal Weight (in kg)	Location	Commodity Name	न्यूनतम मूल्य रु	बोलपत्र दस्तुर	कैफियत
१८	SUDU7840100	29-मे-24	28000	Open	COMMON NAIL 1.5 and quot; 4 and quot	3475584	२०००	
१९	TCLU7527100	2-जुलाई-24	21500	Shaded	WHITE CEILING T-GRID	3669534	२०००	
२०	TTNU1290237	2-जुलाई-24	21500	Shaded	WHITE CEILING T-GRID	3669534	२०००	

सूचना नम्वर	जफत मिति	मालवस्तुको विवरण	परिमाण	न्यूनतम मूल्य रु	बोलपत्र दस्तुर	कैफियत
२१	२०८२.०१.२१	USED HEIDELBERG GTO 52-2 TWO COLOUR OFFSET PRINTING MACHINE WITH ALL STANDARD ACCESSORIES, USED HEIDELBERG S CYLINDER OIE CUTTING MACHINE WITH ALL STANDARD ACCESSORIES, USED HEIDELBERG T PLATEN DIE CUTTING MACHINE WITH ALL STANDARD ACCESSORIES,USED HEIDELBERG T PLATEN DIE CUTTING MACHINE WITH ALL STANDARD ACCESSORIES,USED STAHL 78 FOLOER MACHINE	9 UNIT (27000 KG)	२७०००००	२०००	पुनः मेशिनरी उपकरणको रुपमा प्रयोगमा आउन नसक्ने गरी

फोन नं.०५१-५२२९२०, ५२२२२० फ्याक्स नं.०५१-५२५७००, E-Mail:birgunj@customs.gov.np, Webpage: https://birgunj.customs.gov.np

CamScanner

नेपाल सरकार
अर्थ मन्त्रालय
भन्सार विभाग

वीरगञ्ज भन्सार कार्यालय

वीरगञ्ज म.न.पा.-१६ ईनर्वा
पर्सा, नेपाल

सूचना नम्बर	जफत मिति	मालवस्तुको विवरण	परिमाण	न्यूनतम मूल्य रु	बोलपत्र दस्तुर	कैफियत
		WITH ALL STANDARD ACCESSORIES,USED SINGLE HEAD STICHING MACHINE WITH ALL STANDARD ACCESSORIES, USED WOHLENBERG CUILLOTINE MACHINE WITH ALL STANDARD ACCESSORIES, USED HEIDELBERG GTO 46-2 TWO COLOUR OFFSET PRINTING MACHINE WITH ALL STANDARD ACCESSORIES, USED HEIDELBERG GTO 46-2 TWO COLOUR OFFSET PRINTING MACHINE WITH ALL STANDARD ACCESSORIES				पत्रु(Scrap) मा लिलाम बिक्री हुने

<u>सिलवन्दी बोलपत्र फारम सम्बन्धी सर्तहरु:-</u>

१. बोलपत्र फाराम तोकिएको दस्तुर तिरी (पछि फिर्ता नहुने गरी) यस कार्यालयको मुद्दा शाखा/आर्थिक प्रशासन शाखाबाट सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समयभित्र(सो दिन सार्वजनिक विदा परेमा लगत्तै कार्यालय खुलेको दिन) खरिद गर्न सकिनेछ। साथै बोलपत्र खरिद गर्दाकै अवस्थामा फर्म/कम्पनी/संघ/संस्थाले आयकर, मू.अ.कर दर्ता प्रमाणपत्र, अन्तःशुल्क लाग्ने मालवस्तुहरुको हकमा कारोवार गर्न प्राप्त अन्तःशुल्क इजाजतपत्र र नियमानुसार कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ। पत्रु स्क्राप (कवाडी) मा लिलाम बिक्री गरिने मालवस्तुहरु कवाडीको कारोवार गर्न इजाजतपत्र प्राप्त भएका फर्म/कम्पनी/संघ/संस्थाले मात्र बोलपत्र खरिद गर्न सक्नेछन। बोलपत्र खरिद गर्दाको अवस्थामा कागजात पेश गरेका बोलपत्रदाताले शर्त नं. ७ बमोजिम पुनः कागजातहरु पेश गर्न अनिवार्य हुने छैन।

२. मु.अ.कर.लाग्ने मालवस्तुमा अनिवार्य रुपमा मू.अ.कर दर्ता प्रमाणपत्र भएका फर्मले मात्र बोलपत्र फारम खरिद गर्न सकिनेछ। सूचना नम्बर १५ मा उल्लेखित मदिराको हकमा मदिरा खरिद बिक्रीको कारोबार गर्न ईजाजत प्राप्त फर्म/कम्पनी/संघ/संस्था/उद्योगले मात्र बोलपत्र फारम खरिद गर्न पाउनेछन। साथै लिलाम सकार गर्ने फर्म/कम्पनी/संघ/संस्था/उद्योगले मालवस्तु उठाई लैजानु भन्दा अगावै सम्बन्धित आन्तरिक राजस्व कार्यालयबाट स्वीकृतीलिई सोही कार्यालयको रोहवरमा उठाईलैजानु पर्नेछ।

३. आफूले कबोल गरेको रकम अंक र अक्षरमा खुल्नेगरी स्पष्ट रुपमा नेपाली भाषामा उल्लेख गर्नुपर्नेछ। सच्याईएको वा केरमेट गरेमा सो स्थानमा बोलपत्रदाताको दस्तखत हुनुपर्नेछ। साथै अंक र अक्षरमा फरक परेको हकमा अक्षरलाई मान्यता दिइनेछ। कुनैपनि शर्त राखी पेश भएको बोलपत्र मान्य हुने छैन।

४. बोलपत्र फाराम पेश गर्दा सो बोलपत्र खाममित्र राखी खाममा सिलछाप समेत लगाई पेश गर्नु पर्नेछ।

५. बोलपत्र फाराम भएको खाम बाहिर बोलपत्र सुचना नं. र बोलपत्रदाताको नाम ठेगाना उल्लेख गर्नुपर्नेछ।

६. बोलपत्रदाताले जसको नाममा बोलपत्र फाराम खरिद गरेको छ सोही नामबाट बोलपत्र पेश गर्नुपर्नेछ। यस कार्यालयबाट बिक्री गरिएको सक्कल बोलपत्र फाराममा मात्र बोलपत्र भर्नुपर्नेछ।

७. बोलपत्र फारामसाथ फर्म/कम्पनी/संघ/संस्थाले आयकर, मू.अ.कर दर्ता प्रमाणपत्र र अन्तःशुल्क लाग्ने मालवस्तुको हकमा कारोबार गर्न प्राप्त इजाजतपत्रको प्रतिलिपि संलग्न हुनुपर्नेछ। कार्यालयले सक्कल कागजात हेर्न खोजेमा सो को सक्कल प्रति पेश गर्नु पर्नेछ।

८. खरिद गरिएका बोलपत्र सूचना प्रकाशित भएको मितिले १६ औं दिनको अपरान्ह १२:०० बजेसम्म यस कार्यालयको मुद्दा शाखा/आर्थिक प्रशासन शाखामा(सो दिन सार्वजनिक विदा परेमा लगत्तै कार्यालय खुलेको दिन) मा दर्ता गरिसक्नुपर्नेछ। दर्ता भएको बोलपत्रहरु सोहि दिन दिउसो १५:०० बजे बोलपत्रदाता र अन्य कार्यालयका प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा बोलपत्र खोलिनेछ। निर्धारित समयमा बोलपत्रदाता अनुपस्थित भएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन। उक्त दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन सोही समयमा बोलपत्र खोलिनेछ।

९. नेपाल सरकारको हितलाई ध्यानमा राखी नियमानुसार बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहीत रहनेछ।

फोन नं.०५१-५२२९२०, ५२२२२० फ्याक्स नं.०५१-५२५७००, E-Mail:birgunj@customs.gov.np, Webpage: https://birgunj.customs.gov.np

CamScanner

भन्सार अधिकृत

१०. बोलपत्र स्वीकृत भएको मितिले ७ दिनभित्र आफूले कबोल गरेको वस्तुको मूल्य र सोमा प्रचलित नियमानुसार लाग्ने कर (आयकर,मु.अ.कर तथा अन्तः शुल्क) रकम समेत बुझाई उठाई लैजानु पर्नेछ। बोलपत्र स्वीकृत भएको जानकारी यस कार्यालयको सूचना पाटीमा सूचना प्रकाशित गरी जानकारी गराईनेछ। साथै यस कार्यालयको वेभ साइड birgunj.customs.gov.np मा समेत हेर्न सकिनेछ।

११. कबोल गरेको सबैभन्दा बढी अंक स्वीकृत भएपछि कबोल गर्नेले ७ दिन भित्र आफूले कबोल गरेको रकम र सोमा लाग्ने कर समेत बुझाई वस्तु उठाई नलगेमा न्यूनतम मूल्यभन्दा बढी कबोल गर्ने क्रमशःदोश्रो, तेश्रो र चौथो घटिवालाको कबोल अंक स्वीकृत गरीनेछ र टेन्डर कबोल गरी म्याद भित्र सामान नउठाउने बोलपत्रदाताको धरौटी रकम जफत गरी पुनः लिलामको कारवाही अगाडी बढाईनेछ।

१२. पत्रु स्क्राप(कवाडी) मा लिलाम बिक्री गरिएका मेशिनरी उपकरणहरु लिलाम सकारकर्ताले उठाई लैजानु अगाडी नै आफ्नै खर्चमा पुनः मेशिनको रुपमा प्रयोग नहुने गरी टुक्रा पारी कवाडीको रुपमा उठाई लैजानु पर्नेछ।

१३. इच्छुक व्यक्तिले वस्तु हेर्न चाहेमा कार्यालय समयमा यस कार्यालयको मुद्धा शाखामा सम्पर्क गरी हेर्न तथा बुझ्न सकिनेछ। साथै सूचनामा उल्लेखित मालवस्तुहरु हेर्न चाहने बोलपत्रदाताले सूचना प्रकाशित भएको मितिले १२ औं र १३ औं दिन(मिति २०८३/०८/२० र २०८३/०८/२१) गते कार्यालय समयमा यस कार्यालयको मुद्धा शाखा तथा सुख्खा बन्दरगाहा सञ्चालन महाशाखामा सम्पर्क गरी हेर्न तथा बुझ्न सकिनेछ।

१४. यसमा उल्लेख भए बाहेक अन्य विषयहरु प्रचलित नेपाल ऐन, कानुन बमोजिम हुनेछ।

फोन नं.०५१-५२२९२०, ५२२२२० फ्याक्स नं.०५१-५२५७००, E-Mail:birgunj@customs.gov.np, Webpage: https://birgunj.customs.gov.np

CamScanner